केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/३/०६५/६६ मिति : २०६५/०४/२८

**इजाजतपत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले देहायका बुँदा १ र २ बमोजिमको व्यवस्था कायम गर्ने निर्णय भएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (क, ख र ग वर्ग) हरुले देहाय बमोजिमका शर्त अन्तर्गत रही शेयर निक्षेप (Share Deposit) योजनाहरु संचालन गर्न सक्ने ।

(क) सुपर शेयर डिपोजिट योजना अन्तर्गत् वचत गर्ने बचतकर्ताहरूले उक्त कम्पनीको शेयर खरिद गर्न (संस्थापक समूह) चाहेको अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा यस बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा इजाजतपत्र प्रदान गरिने नीतिमा उल्लेख भएका प्रावधानहरू अनुसार संस्थापक हुन तोकिएको योग्यताहरू पूरा भएको हुनुपर्ने ।

(ख) सुपर शेयर डिपोजिट योजना अन्तर्गत जम्मा भएको निक्षेपलाई साधारण शेयरमा (संस्थापक समूह) परिवर्तन गर्न चाहने निक्षेपकर्ताहरूले धितोपत्र कारोवार सम्बन्धी प्रचलित ऐनमा उल्लेख भएका व्यवस्था एवं प्रक्रियाहरू पालना गर्नुपर्ने र यसरी वचतकर्ताहरूलाई संस्थापक समूहको शेयर प्रदान गर्ने समयमा बैंक तथा वित्तीय संस्थाले नेपाल धितोपत्र बोर्डबाट समेत अनिवार्य रुपमा स्वीकृति लिएर मात्र इच्छुक बचतकर्ताहरुलाई संस्थापक शेयर दिनुपर्ने ।

(ग) उक्त योजना अन्तर्गत सहभागी भई संस्थापक शेयर खरिद गर्न चाहने बचतकर्ताहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, यस बैंकले जारी गरेका नीतिगत व्यवस्थाहरू तथा अन्य प्रचलित ऐन, कानुनको अधिनमा रही प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम, निर्देशिकाको पालना गरी आवश्यक प्रक्रिया पूरा गरेर मात्र संस्थापक समूहको शेयर खरिद गर्न सक्ने भन्ने व्यहोरा सार्वजनिक जानकारीका लागि प्रकाशित हुने सामग्री सम्बन्धीत कम्पनीको आन्तरिक नीति/नियममा समेत स्पष्टसँग उल्लेख हुनुपर्ने ।

२. बैंक तथा वित्तीय संस्थाको पूंजी संरचनामा परिवर्तन गर्ने गरी संस्थापकहरुको शेयर स्वामित्व अनुपात थप गर्ने अनुमतिको लागि यस बैंक समक्ष निवेदन/रायको लागि पेश हुन आएको अवस्थामा निम्नानुसार गर्ने नीतिगत व्यवस्था कायम भएको ।

(क) संस्थाको पूँजी संरचनामा परिवर्तन गर्नको लागि सम्वन्धित संस्थाको वार्षिक साधारण सभा/विशेष साधारण सभावाट स्वीकृति लिएको हुनुपर्ने ।

(ख) सर्वसाधारणमा जारी गर्ने शेयरको प्रतिशत कुल जारी पूंजीको कम्तीमा ३० प्रतिशत हुनु पर्ने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ग) उपरोक्त अनुसार संस्थापक शेयरको अनुपात थप गर्न स्वीकृति प्राप्त गरेका बैक तथा वित्तीय संस्थाले यस बैकले मिति २०६४।१०।८ मा जारी गरेको परिपत्र नं. २४/०६४/६५ बमोजिम संस्थापक शेयर सर्वसाधारणमा परिवर्तन/परिणत गर्न नपाउने ।

भवदीय,

(रामहरी न्यौपाने)
उप–निर्देशक

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।